| श्रमबाट समृद्धि, समृद्धिबाट सुख | सुलभ कर्जा, युवालाई स्वरोजगार, उत्पादनशील लगानी विकासको आधार | विदेश होइन स्वदेशमै श्रम गरौं, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभियानमा सहभागी बनौं । |
|---|---|---|

नेपाल सरकार

## युवा तथा खेलकुद मन्त्रालय

## युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट

# स्वरोजगार कर्जा लिन चाहने व्यक्ति/समूहलाई जरुरी सूचना

**गोरखापत्रमा प्रकाशित मिति : २०७७/११/११**

समृद्ध नेपाल निर्माण अभियानमा परिचालन गरी युवा स्वरोजगार कोषले स्वरोजगारको अवसर उपलब्ध गराउँदै ठूलो संख्यामा स्वरोजगारका अवसरहरु सिर्जना गर्न कोषले कार्यक्रमलाई अभियानको रुपमा विस्तार गर्दै प्रयास गर्दै आइरहेको छ। यस अभियानलाई सार्थक तुल्याउन कोषबाट निम्न कार्यक्रमहरु संचालन भइरहेका छन् ।

**१) कोशी इकोनोमिक करिडोर कार्यक्रम:**

- **संचालित जिल्ला:** सप्तकोशी नदी किनारको आसपासका १७ जिल्लाहरु (सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, सिन्धुली, रामेछाप, दोलखा, ओखलढुंगा, सोलुखुम्बु, खोटाङ, उदयपुर, सप्तरी, भोजपुर, संखुवासभा, धनकुटा, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, सुनसरी)
- **कर्जा लगानी गर्न सकिने व्यवसाय :** माछापालन, होमस्टे, र्‍याफटिङ, केराखेती, बगर खेती, आलु, गोलभेँडा, अदुवा, काउली, बन्दा, बेसार खेती, बंगुरपालन, लोकल कुखुरा/हाँस पालन, बाख्रा पालन आदि ।

**२) भेरी–कर्णाली इकोनोमिक करिडोर कार्यक्रम:**

- **संचालित जिल्ला:** भेरी–कर्णाली नदी किनारको आसपासका ८ जिल्लाहरु (हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालीकोट, दैलेख, सुर्खेत, जाजरकोट)
- **कर्जा लगानी गर्न सकिने व्यवसाय :** तरकारी खेति, पशुपक्षीपालन, रातो चामल/मकै/फापर/काउनो खेती, माछापालन, फलफूल खेती, होमस्टे/होटल व्यवसाय, र्‍याफटिङ तथा अन्य स्थानिय व्यवसाय आदि ।

**३) काठमाण्डौ उपत्यका स्वरोजगार कार्यक्रम:**

- **संचालित जिल्ला:** काठमाडौं उपत्यकामा रहेका ३ जिल्ला (काठमाडौं, ललितपुर, भक्तपुर)
- **कर्जा लगानीको क्षेत्र:** Street Cart मा Fast food, तरकारी, फलफूल तथा दुग्धजन्य उत्पादन आदि बिक्री वितरण ।

**४) तराई मधेश स्वरोजगार कार्यक्रम:**

- **संचालित जिल्ला:** तराई मधेशका २१ जिल्ला (कञ्चनपुर, कैलाली, बाँके, बर्दिया, दाङ, कपिलवस्तु, नवलपरासी, रुपन्देही, चितवन, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ, झापा र उदयपुर)
- **कर्जा लगानीको क्षेत्र** Biofloc प्रविधिबाट भकारी माछापालन, अटोरिक्सा, ठेलागाडामा दुग्धजन्य व्यवसाय, फलफूल, तरकारी, चनाचटपट, Fast food पसल र बाइँ भैंसीपालन लगायतका अन्य व्यवसाय ।

क) कोषको माथि उल्लेखित कार्यक्रममा सहभागी भई व्यक्तिगत/सामुहिक स्वरोजगार कर्जा लिनका लागि स्वरोजगार हुन चाहने व्यक्तिले कोषको वेबसाइट www.ysef.gov.np मा लग इन गरी वा कोषको युवा स्वरोजगार Mobile App डाउनलोड गरी Online आशयपत्र भर्नु पर्नेछ ।

ख) यसरी पेश भएका आशय पत्रको आधारमा कोषको नियमानुसार कर्जा स्वीकृत गर्न सकिनेछ। आशयपत्र स्वीकृत भएका व्यक्ति/समुहलाई कोषले स्वीकृत गरेका बैंक/वित्तीय/सहकारी संस्थाको वित्तीय व्यवस्थापनमा कोषले लगानी गर्नेछ ।

ग) कोषको नियमानुसार मापदण्ड पूरा नगरेका, कागजात नपुगेका आशय पत्रको कर्जा प्रस्ताव स्वत: रद्द भएको मानिनेछ ।

घ) कर्जा स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार कोषमा निहित रहनेछ ।